# दैनिक लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३८ | अंक २०४ | बुटवल | २०८३ साउन १७ गते, आइतबार | नेपाल संवत ११४६ | Sunday August 02, 2026 | पृष्ठ ४ | मूल्य रु. १० मात्र | Lumbini



हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं

तपाईको अत्यन्तै जरुरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका
प्रमुख शहरहरूमा पठाउनु परेमा
हामीलाई सम्झनुहोस्

सुपर काइनेटिक कुरियर्स सर्भिस

ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोनः- ०७१५४२५७१


# तराई–मधेशका द्वन्द्वका घटनाको छानबिन गर्न स्वतन्त्र र निष्पक्ष आयोग गठन गर : नेकपा

सरकारको भूमिका प्रमुख, निर्णायक हुनुपर्नेमा प्रधानमन्त्री र सरकारले परिस्थितिको गम्भीरतालाई आवश्यक राजनीतिक संवेदनशीलताका साथ पहल र सम्बोधन गर्नुको सट्टा यसको केवल प्रशासनिक, प्राविधिक र शक्ति प्रयोगद्वारा समाधान खोज्नेतर्फ बढी केन्द्रित हुनु दुःखद रहेको नेकपाको ठहर छ।




**लुम्बिनी संवाददाता**

*बुटवल*

नेपाली कम्युनिस्ट पार्टीले सुनसरी, सिरहालगायत तराई-मधेशका विभिन्न क्षेत्रमा भएको द्वन्द्वका घटनाको सत्यतथ्य सार्वजनिक गर्न उच्चस्तरीय, स्वतन्त्र र निष्पक्ष छानबिन आयोग गठन गर्न सरकारसँग माग गरेको छ।

शुक्रबार पेरिसडाँडास्थित पार्टी केन्द्रीय कार्यालयमा बसेको केन्द्रीय कार्य संयोजन समितिको बैठकले सुनसरी र सिरहाका घटनामा तीन जनाको मृत्यु तथा ठूलो संख्यामा नागरिक घाइते भएको घटनाप्रति गहिरो दुःख व्यक्त गर्दै यस्तो माग गरेको हो।

बैठकले सरकारले परिस्थितिको राजनीतिक संवेदनशीलताअनुसार संवाद र विश्वास निर्माणभन्दा प्रशासनिक तथा शक्ति प्रयोगमार्फत् समाधान खोज्न बढी केन्द्रित भएको टिप्पणी गर्दै नागरिकसँग राजनीतिक संवाद गर्न, सबै सरोकारवालालाई विश्वासमा लिन र समस्याको दिगो राजनीतिक समाधानका लागि जिम्मेवार भूमिका निर्वाह गर्न आग्रह गरेको प्रवक्ता प्रकाश ज्वालाले जानकारी दिए।

बैठकले पारित गरेका मुख्य प्रस्तावहरूमा हालै सुनसरी, सिरहा लगायत तराई-मधेशका विभिन्न क्षेत्रमा विभिन्न समूहबिच भएको द्वन्द्वका कारण तीन जनाको मृत्यु तथा ठूलो संख्यामा मानिसहरू घाइते भएको घटनाप्रति नेपाली कम्युनिस्ट पार्टी केन्द्रीय कार्य संयोजन समितिको बैठक गहिरो दुःख व्यक्त गर्दै यस्तो गम्भीर परिस्थिति उत्पत्तिका कारणहरू, झडपका घटनाहरू तथा स्थानीय प्रशासन एवं सुरक्षाकर्मीको भूमिकाबारे सत्यतथ्य सार्वजनिक गर्न उच्चस्तरीय, स्वतन्त्र र निष्पक्ष छानबिन आयोग गठन गर्न यो बैठक सरकारसँग माग गर्ने निर्णय गरेको छ।

यस्तै बैठकले नेपाली समाज धार्मिक, सामाजिक, सांस्कृतिक सहिष्णुता, आपसी सद्भाव र पारस्परिक एकताको बलियो आधारमा उभिएको समाज भएको स्मरण गर्दै इतिहासका जटिल समयमा समेत नेपाली जनताले विविधतामा एकताको अनुकरणीय उदाहरण प्रस्तुत गरेको हुंदा वर्तमान परिस्थितिमा पनि देशका विभिन्न भूभागका जनताले आपसी सद्भाव, सहिष्णुता र सामाजिक एकताको पक्षमा देखाएको ऐक्यबद्धता स्वागतयोग्य रहेको ठहर गरेको छ। परिस्थितिलाई सामान्य बनाउन सबै राजनीतिक दल, नागरिक समाज तथा विभिन्न सामाजिक क्षेत्रबाट व्यक्त भएको साझा प्रतिबद्धता र पहल प्रशंसनीय रहेको भन्दै बैठकले सबै पक्षबाट भएका यस्ता प्रयासको निरन्तरता रहने विश्वास व्यक्त गरेको छ।

यस्तै धार्मिक र सांस्कृतिक विविधताले सम्पन्न नेपालमा सबै जाति, भाषा, धर्म, वर्ग र भूगोलबिचको सहअस्तित्व, पारस्परिक सम्मान र साझा विश्वासबाट नै साँचो अर्थमा राष्ट्रिय एकता सुदृढ हुने ठहर गर्दै वैठकले सामाजिक, धार्मिक र सांस्कृतिक विविधता र त्यस क्षेत्रको राष्ट्र निर्माणको आधार बन्नुपर्ने निश्कर्ष निकालेको छ। बैठकले विभेद, द्वेष र हिंसाको पक्षमा कुनै पनि हिसाबले कोही पनि उभिन नहुने मान्यतामा दृढ रहेको स्पष्ट पार्दै नेपालजस्तो संवेदनशील भूराजनीतिक स्थितिमा देशमा कुनै बाह्य शक्तिले चलखेल गर्ने स्थिति नबनोस् भन्नेतर्फ समेत बैठकले सजग रहन सम्बन्धित सबैमा विशेष आग्रह गरेको छ।

यस सन्दर्भमा राज्य सञ्चालनको जिम्मेवारीमा रहेका सरकारको भूमिका प्रमुख, निर्णायक र अत्यन्त महत्त्वपूर्ण रहने ठहर गर्दै तर प्रधानमन्त्री र सरकारले परिस्थितिको गम्भीरतालाई आवश्यक राजनीतिक संवेदनशीलताका साथ पहल र सम्बोधन गर्नुको सट्टा यसको केवल प्रशासनिक, प्राविधिक र शक्ति प्रयोगद्वारा समाधान खोज्नेतर्फ बढी केन्द्रित हुनु दुःखद रहेको ठहर गरेको छ। परिस्थितिको यथोचित मूल्याङ्कन गर्दै उचित पाइला चाल्नेतर्फ सरकारको नेतृत्व गर्नेहरू संवेदनशील भएर तत्पर नरहेको देखिएको भन्दै बैठकले सरकारलाई राजनीतिक रूपमा नागरिकसँग संवाद गर्न, सबै सरोकारवालालाई विश्वासमा लिन तथा समस्याको राजनीतिक र दिगो समाधानका लागि जिम्मेवार भूमिका निर्वाह गर्न आग्रह गरेको छ।


» बाँकी ३ पेजमा


## सामाजिक धार्मिक सद्भाव कायम राखौं : मुख्यमन्त्री



बुटवल। लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले सामाजिक तथा धार्मिक सद्भाव कायम राख्न सबै पक्षलाई संवेदनशील र जिम्मेवार हुन आग्रह गरेका छन्। शनिबार मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा आयोजित सर्वदलीय तथा सर्वपक्षीय बैठकलाई सम्बोधन गर्दै मुख्यमन्त्री आचार्यले सुनसरी लगायत जिल्लामा भएका घटना र मानवीय क्षतिप्रति दुःख व्यक्त गरे। उनले यस्ता घटना दोहोरिन नदिन सामाजिक सञ्जालमार्फत् फैलाइने भ्रामक सूचना र उत्तेजनात्मक सामग्री नियन्त्रण गर्नुपर्नेमा जोड दिए।

बैठकले लुम्बिनी प्रदेशभित्र सामाजिक, धार्मिक र जातीय सद्भाव कायम राख्न सबै राजनीतिक दल, स्थानीय तह, प्रशासन, सुरक्षा निकाय, धार्मिक अगुवा, नागरिक समाज, सञ्चार क्षेत्र र आम नागरिकलाई जिम्मेवार भूमिका निर्वाह गर्न अपिल गरेको छ।

बैठकले सम्भावित जोखिमलाई मध्यनजर गर्दै संवेदनशील क्षेत्रमा सुरक्षा व्यवस्था थप प्रभावकारी बनाउन नियमित गस्ती तथा पेट्रोलिङ बढाउने, सद्भाव प्रवर्द्धनका लागि संवाद र जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने तथा स्थानीय प्रशासन र सुरक्षा निकायलाई आवश्यक समन्वय गर्न आग्रह गर्ने निर्णय गरेको छ।

यस्तै टिकटक, फेसबुक, युट्युब, ह्वाट्सएपलगायत सामाजिक सञ्जालमार्फत धार्मिक वा जातीय सद्भाव भड्काउने, अफवाह फैलाउने तथा उत्तेजना सिर्जना गर्ने सामग्री प्रसारण नगर्न र आधिकारिक तथा सत्यतथ्य सूचना मात्रै सम्प्रेषण गर्न आमसमुदायलाई अनुरोध गरिएको छ।


» बाँकी ३ पेजमा


## कांग्रेसको संस्थापन इतरको राष्ट्रिय भेला साउन २९ देखि

बुटवल। नेपाली कांग्रेसको संस्थापन इतर समूहले साउन अन्तिम साता राष्ट्रिय भेला बोलाएका छन्।

शनिबार चुनदेवीस्थित सम्पर्क कार्यालयमा पत्रकार सम्मेलन गरी राष्ट्रिय भेलाको मिति घोषणा गरिएको हो। पत्रकार सम्मेलनमा बोल्दै राष्ट्रिय भेला आयोजक समितिका संयोजक डा. शशांक कोइरालाले साउन २९ देखि ३१ गतेसम्म काठमाडौंमा राष्ट्रिय भेला आयोजना गर्न लागिएको बताए। पत्रकार सम्मेलनमा बोल्दै नेता कोइरालाले मुलुकको विद्यमान राजनीतिक अस्थिरता र पार्टीभित्रको आन्तरिक चुनौतीलाई सम्बोधन गर्न साउन २९ देखि ३१ गतेसम्म काठमाडौंमा राष्ट्रिय भेला आयोजना गर्न लागिएको बताए।

कांग्रेसलाई वैचारिक र सांगठनिक रूपमा नयाँ गति दिन ५५१ सदस्यीय आयोजक समितिको संयोजनमा भेला बोलाइएको उनले जानकारी दिए।

## सहकारी कसुर हेर्ने डेडिकेटेड इजलास माग




बुटवल। सहकारी ठगीसम्बन्धी मुद्दाको शीघ्र न्याय निरूपणका लागि मुद्दाको चाप बढी रहेका जिल्ला अदालतहरूमा तत्काल 'सहकारी कसुर हेर्ने समर्पित (डेडिकेटेड) इजलास' गठन गर्न माग गर्दै भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले प्रधानन्यायाधीशलाई प्रतिवेदन बुझाएको छ। उक्त विषय अध्ययन गर्न मन्त्रालयले कार्यदल गठन गरेको थियो। कार्यदलले बुझाएको प्रतिवेदनको सिफारिस अनुसार मन्त्रालयले समर्पित इजलास गठन गरिदिन सर्वोच्च अदालतमा अनुरोध गरेको हो।

सर्वोच्च अदालतले २०८२ माघ ११ गते जारी गरेको निर्देशनात्मक आदेशमा सहकारी कसुरसम्बन्धी मुद्दाको चाप बढी भएका जिल्ला अदालतहरूमा आवश्यकताअनुसार समर्पित इजलास स्थापना गर्न अध्ययन गरी निष्कर्षका आधारमा कार्यान्वयन गर्न भनेपछि मन्त्रालयले अध्ययन कार्यदल गठन गरेको थियो। सहकारी क्षेत्रका समस्या समाधानलाई उच्च प्राथमिकता दिँदै मन्त्री प्रतिभा रावलले कार्यदलका सदस्यहरूसहित उक्त प्रतिवेदन सर्वोच्च अदालतका प्रधानन्यायाधीश डा. मनोज शर्मालाइ प्रतिवेदन बुझाएकी हुन्।

कार्यदलको प्रतिवेदनमा सहकारी कसुरलाई सामान्य ठगीको घटनाभन्दा फरक, ठूलो संख्यामा नागरिकको जीवन, सम्पत्ति र मुलुकको वित्तीय प्रणालीसँग प्रत्यक्ष सम्बन्धित सामाजिक-आर्थिक अपराधका रूपमा व्याख्या गरिएको छ। यस्ता मुद्दाको प्रभावकारी र छिटो सुनुवाइका लागि विशेष प्राथमिकतासहित समर्पित इजलास आवश्यक रहेको निष्कर्ष प्रतिवेदनले निकालेको छ।

प्रतिवेदनमा सहकारी ठगीका मुद्दा लामो समयसम्म विचाराधीन रहँदा पीडित बचतकर्ताले आफ्नो बचत फिर्ता पाउन नसक्ने, न्यायमा ढिलाइ हुने तथा दोषीलाई विभिन्न प्रकारका संरक्षण हुने जोखिम बढ्ने उल्लेख गरिएको छ।

# सुनचाँदी व्यवसाय ऐन तत्काल ल्याउन माग




बुटवल। नेपालमा परम्परादेखि चल्दै आएको सुनचाँदी व्यवसायलाई संरक्षण र व्यवस्थित गराउन सुनचाँदी व्यवसाय ऐन तत्काल ल्याउन व्यवसायीहरुले सरकारसँग माग गरेका छन्।

देशभरका ७ सय बढि सुनचाँदी व्यवसायीहरु सम्मिलित नेपाल सुनचाँदी व्यवसायी महासंघको १३औं र १४औं वार्षिक साधारणसभाको शनिबार बुटवलमा भएको उद्घाटन समारोहमा बोल्दै उद्योगी व्यवसायीहरुले यस्तो माग गरेका हुन्। सय अर्बभन्दा बढी लगानी रहेको सुनचाँदी व्यवसायीको संरक्षणका लागि कानुनी सुरक्षाका लागि छुट्टै ऐनको आवश्यकता रहेको औंल्याएका छन्। ऐनको मस्यौदा समेत तयार भइसकेको बताउँदै व्यवसायीहरुले सरकारलाई प्रक्रिया अगाडि बढाउन आग्रह गरेका छन्।

कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघका कार्यवाहक अध्यक्ष सुरकृष्ण बैद्यले राज्यलाई कर तिरेर पनि व्यवसायीहरु ढुक्क हुने अवस्था नभएको बताउँदै सुनचाँदी व्यवसायीहरुको सुरक्षाका लागि ऐन जारी गर्नुपर्ने बताए। उनले स्पष्ट नीति र नियम लागू गर्नुपर्ने बताउँदै सुनचाँदी व्यवसाय ऐन शिघ्र ल्याउन आफूहरुको तर्फबाट समेत पहल भइरहेको जनाए। उनले नेपालको मौलिक परम्परा, संस्कृतीमा समेत सुन, चाँदी र हिरा मोती जस्ता गहनाहरुको महत्व रहेको उल्लेख गर्दै व्यवसायीले लगानी गरेको अर्बौको लगानीको सुरक्षा राज्यले गर्नुपर्नेमा जोड दिए।

यस्तै कार्यक्रममा प्रतिनिधिसभा सदस्य अमृता विकले सुनचाँदी बहुमुल्य धातु भएको र यस्तो व्यवसायमा राज्यबाट पाउनु पर्ने सुविधा कम भएको बिषयमा आफूहरुको ध्यान गएको बताइन्। उनले वर्तमान सरकार र आफू सांसदको रुपमा व्यवसायीहरुको अप्ठ्यरामा साथ दिने जनाइन्। उनले सुनचाँदी व्यवसायमा लगाउँदै आएको करका कारणले उपभोक्ताहरुलाई परेको मारलाई समेत सरकारले ध्यान दिनुपर्ने बताइन्।

यस्तै पूर्व मन्त्री तथा नेकपा एमालेका सचिव छबिलाल विश्वकर्माले सुनचाँदी व्यवसायका समस्याका बारेमा तीनै तहका सरकारले प्रोत्साहन गर्नुपर्ने बताए। उनले सुनचाँदी व्यवसायीहरुको समस्याका बारेमा विगतदेखि नै आफूले सक्दो पहलकदमी गर्दै आएको बताउँदै व्यवसायीहरुको सुरक्षा हुनुपर्ने जनाए। उनले नेपाल उद्योग वाणिज्य संघले समेत सुनचाँदी व्यवसायलाई सोचेजति ध्यान दिन नसकेको बताए।

यस्तै बुटवल उप-महानगरपालिकाका नगर प्रमुख खेलराज पाण्डेयले सुनचाँदी व्यवसायमा नेपाली कारीगढहरु उत्पादन गर्ने तर्फ काम गर्नुपर्ने सुझाव दिए।

उनले बुटवलमा मात्रै ५ हजारभन्दा धेरै देश बाहिरका युवाहरु रोजगारीमा रहेको बताउँदै सिटिइभिटीअन्तर्गतको पाठ्यक्रम बनाएर जनशक्ति उत्पादन गर्नुपर्ने बताए।

यस्तै कार्यक्रममा सुनचाँदी व्यवसायी महासंघका केन्द्रीय अध्यक्ष अर्जुन रसाईलीले सरकारले वार्षिक २० अर्बको हाराहारीमा राजस्वमा योगदान गर्दै आएको सुनचाँदी व्यवसायीहरुको सुरक्षा गर्न ऐन ल्याउन माग गरे। उनले सुनचाँदी व्यवसायमा हालसम्म नीति नियमको अभावमा देवानी संहितामा सुनचाँदी गरगहनालाई नगद सम्पत्तिको रुपमा व्याख्या गरिए पनि खरिदबिक्री नगदसरहको मान्यता नपाएको बताए। उनले यही कारणले प्रहरी प्रशासनबाट पीडित हुनुपरेको गुनासो गरे।

कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघका बस्तुगत समितिका नरेश राज श्रेष्ठ, लुम्बिनी प्रदेशका अध्यक्ष कृष्णाकुमार शर्मा, महासंघका सल्लाहकार रणेन्द्र बराईली, उद्योग वाणिज्य महासंघका प्रतिनिधिले बोल्दै व्यवसायीहरुको सुरक्षामा राज्यले चासो दिन नसकेको बताए।

उद्घाटनसत्रका अवसरमा स्वर्ण दर्पण स्मारिकाको विमोचन समेत गरिएको थियो। साधारणसभामा महासंघमा आबद्ध ८४ जिल्ला/नगर संघ, बस्तुगत र २३ वटा एशोसिएट सदस्यहरु सहित, पर्यवेक्षकहरु एवं सदस्यहरु सहभागी छन्।




दैनिक लुम्बिनी

# सम्पादकीय

## नागरिक समाजको खोजी

स्वतन्त्र न्यायालय, नागरिक समाज र स्वतन्त्र प्रेस लोकतन्त्रका खम्बा हुन् । यी संस्थाको भूमिका संकुचित हुने बित्तिकै लोकतान्त्रिक संरचना खुम्चिन्छ । स्वतन्त्र प्रेस लोकतन्त्रका लागि जति आवश्यक छ,जिम्मेवार हुन उत्तिकै जरूरी छ । नागरिक समाजको खबरदारीले लोकतान्त्रिक प्रणालीभित्र रहेका संस्थालाई सही लयमा अघि बढ्न प्रेरित गर्छ ।

अहिले स्वतन्त्र न्यायपालिका, नागरिक समाज र स्वतन्त्र प्रेसको भूमिकामाथि प्रश्न उठिरहेको छ । न्यायालयप्रति सरकारको हस्तक्षेपले थिलथिलो भएको छ । यसले आगामी दिनमा आफ्नो भूमिका कसरी फराकिलो बनाउँछ, हेर्न बाँकी नै छ । सामाजिक सञ्जालका कारण प्रेसको भूमिकालाई खुम्च्याइदिएको छ । सामाजिक सञ्जालका कारण बढेको अराजकताको मारमा प्रेस पनि परेको छ । स्वतन्त्र प्रेसको भूमिकालाई संकुचित पार्ने सरकारको भूमिकाले पनि बल पुऱ्याएको छ । विज्ञापनमा नाकाबन्दी र कतिपय सञ्चार गृहको कार्यालय अगाडि शंकास्पद गाडी राखेर आवतजावत अवरोध गर्ने काममा सरकार नै संलग्न रहेको तथ्यले स्वतन्त्र प्रेसको भूमिका संकुचित पार्न सरकार नै लागेको छ । कुनै बेला नागरिक समाजको भूमिका सशक्त थियो । २०६२।०६३ को जनआन्दोलनको बेला नागरिक समाजको भूमिका सबल थियो । संविधान निर्माणको बेला नागरिक समाजले खेलेको खबरदारी महत्वपूर्ण थियो । अहिले नागरिक समाजको भूमिकाको खोजी हुनु स्वभाविक छ किन भने अहिले समाज खल्बलिएको छ । सामाजिक एकता र सद्भाव टुटेको बेला नागरिक समाजको भूमिका महत्वपूर्ण हुन्छ । सरकार र राजनैतिक दलका बिचमा संवाद छैन, स्वंय प्रधानमन्त्री राष्ट्रिय स्वतन्त्र पार्टीको वरिष्ठ नेता हुनुहुन्छ, तर उहाँको राष्ट्रिय स्वतन्त्र पार्टी नेतृत्वसँग संवाद टुटेको देखिन्छ । राजनैतिक दलसँग सहकार्य गर्ने प्रधानमन्त्रीको रुची छैन । खल्बलिएको सामाजिक एकतालाई सुदृढ पार्न सरकारले पहलकदमी लिन नसकिरहेको बेला नागरिक समाजको अगुवाइ अपरिहार्य छ ।

समाजका अधिकांश निकाय दलीयकरणको दलदलमा फसेका छन् । विगतमा नागरिक समाजको अगुवाइ गरेका व्यक्तिहरु दलीय आबद्धतामा लागेकाले पनि नागरिक समाजको स्वतन्त्र पहिचान संकुचित भएको हो । त्यो संकुचनलाई फराकिलो बनाउने विन्दुमा मुलुक आएको छ । सरकार लोकतान्त्रिक ढंगले नचलिरहेको र सामाजिक एकता खल्बलिइरहेको बेला नागरिक समाजको बलियो भूमिका बाहिर आउनुपर्छ । नागरिक समाजको पहलकदमीले विभाजित समाजलाई एकताबद्ध बनाउन सक्छ ।

# सामाजिक एकतामा धर्म बाधक



झपेन्द्र जिसी

धार्मिक झगडा अनर्थको विषय हो । संसारका यो वा त्यो धर्म भनिएका यी धर्म होइन । यी त साम्प्रदायिक मत हुन् । साम्प्रदायिक आस्था हुन् । नेपाल र नेपालीलाई चाहिएको साम्प्रदायिक आस्था होइन । कुनै आस्थाको नाममा इगो (विरोधी भाव) पाल्नु अनष्टिकारी र विनष्टकारी हुन्छ । नेपाली जो हौं र छौं सबै जिन्दावाद ! बँचाउने र बाँच्ने काम गरौं । आजको मूल धर्म बचाउनु हो र बाँच्नु हो ।



**विषय प्रवेशः**

धर्म भनेको कर्तव्य निर्वाह गर्नु हो, कर्तव्य पूरा गर्नु हो । परोपकार गर्नु हो । प्रमुख रुपमा बौद्ध दर्शन र संस्कृति र जैनदर्शन संस्कृतिलाई अलग राखेर हेर्ने हो भने अन्य धर्मको अर्थ अहंकार प्रस्तुतिको माध्यम बन्न पुगेको छ । धार्मिक ग्रन्थमा जे जति राम्रो लेखिए पनि कतिपय धर्म त साम्राज्यवादीहरुको हतियार बन्न पुगेका छन् । ईसाइ धर्मले १४-१५औं शताब्दी ताका युरोपमा पुनरउत्थान र जागरणको भूमिका निर्वाह गर्न सफल रहयो भने पछिल्ला दिनमा पुँजीवादको चरम विकाससँगै साम्राज्यवादीहरुको हतियार बनेको इतिहास छ । अरुको देश हडप्ने काम गरेको छ । उत्तर अमेरिका, दक्षिण अमेरिका, अफ्रिका र एसियामा समेत साम्राज्यवाद विस्तार गरेको उदाहरण मात्र लिने हो भने भारतलाई करिब २०० वर्षसम्म इष्ट इण्डिया कम्पनीको नामबाट बेलायत हालको युकेले शासन गर्नुले देखाउँछ । भारतलाई गुलाम बनाएको र शासित क्षेत्र बनाएका त्यही इष्ट इण्डिया कम्पनी सरकारले नेपाली भूमिमाथि आक्रमण गरेकै हुन् । तर वीर नेपाली योद्धाहरुले जिउ ज्यानको बाजी लगाई आजको नेपाल बचाएका हुन् । यही जितगढी युद्धमा कर्णेल उजिंर सिंह थापाको नेतृत्वमा लडेर अंग्रेजलाई परास्त गरेको इतिहास छ ।

हाम्रो देश बहुजातीय, बहुभाषिक समाजबाट बनेको छ । यहाँ प्राचीन हिमाली धर्म शैव धर्म गैर हिन्दु धर्म रहेछ । बौद्ध धर्म, इस्लाम धर्म र अन्य १० धर्ममा आस्था राख्ने मानव छन् ।

**सामाजिक सत्ता र राजनीतिक सत्ता**

जनसंख्या जुन जाति र धर्म मान्नेको बढी हुन्छ त्यसको सामाजिक सत्ता हुँदो रहेछ । सामाजिक सत्ता भएका जातिहरु विनम्र र उदार हुनु वाञ्छनीय छ ।

**सुनसरी, कप्तानगञ्ज र धार्मिक दंगा**

दंगा आफैंमा आफू, आफ्नो समाज र राष्ट्रका लागि हानिकारिक हुन्छ । नम्बर एक बहुसंख्यकले अल्प संख्यकलाई माया गर्न जान्नु पर्छ । समन्वय गर्न सक्नुपर्छ । अल्पसंख्यकले बहुसंख्यकलाई माया र सम्मान गर्न जान्नु पर्छ । बुद्धमार्गी र बोन मार्गी छन् । यहाँ बौद्ध मार्गी बोन मार्गीमा मैले प्रायशः समानता नै देखेको छु । यता मध्य पहाडतिर पनि बौद्ध मार्गी छन् । लुम्बिनी, कपिलवस्तु लगायतमा पनि बौद्ध मार्गी छन् । काठमाडु उपत्यकामा पनि बौद्ध मार्गी छन् । राई, लिम्बु, गुरुङ, शेर्पा, भोटे, तामाङहरुले पनि आफूलाई बौद्ध मार्गी भन्छन् । यसैले सरकारी तथ्यांक मिथ्यांक लागेको छ । म स्वयंले तेरो धर्म के हो भन्दा जनसंख्या गणनामा बौद्धमार्गी लेखाएको छु । यसको कारण बुद्ध जन्मिएको देशमा मैले आफूलाई बुद्ध मार्गी भन्नुस स्वाभाविक पनि हो । मेरो पनि वर्णविहीन युद्धको अवधारणाप्रति पूर्ण सहमति छ । संस्कार आदि गर्दा परिवारको सल्लाह बमोजिम गर्ने गरिएको छ । बुद्धको चार आर्य सत्य र अष्टाङ्गिक मार्गले मलाई प्रभावित गरेको छ । हिन्दु जनसांख्यिक दम्भ तोडिनु पर्छ ।

**प्राचीन शैव धर्म र हाम्रो नेपाली समाज**

राई लिम्बुहरुले शिवलाई पारुहाङ र पार्वतीलाई सुम्नेमा भन्दा रहेछन् । मुन्धुम ग्रन्थ सई धार्मिक संस्कार गर्दै आएका छन् । शिव भनेका पहिले हिन्दु देवता थिएनन् । उनी त अनार्य हुन् । जनै पनि लाएका थिएनन् । शिव भने प्रकृति हुन् भन्ने ब्राह्मणहरुको पनि भनाइ छ ।

संवादले जितिन्छ, दंगाले कसैलाई फाइदा गर्दैन, बरु विदेशीहरुलाई नै लाभ हुन सक्छ । मुस्लिम, हिन्दु, बौद्धमार्गी, जैनमार्गी आदि जो नेपाली नागरिकता प्राप्त छन्, ती सबै नेपाली हुन् । एउटै परिवारको सदस्य हुन यो बुझौं । परिवारमा राम्रो समन्वय सहकार्य भएन भने यो परिवारले दुर्गति शिवाय अरु के पो पाउन सक्छ र ! ऊदोगमन नभई अधोपतन हुन थाल्छ । त्यस्तै पौने तीन करोड जनसंख्यायुक्त नेपाली परिवार छ । धर्म र जातको नाउँमा म श्रेष्ठ तँ निच भन्नु र त्यस्तो व्यवहार गर्नु निन्दनीय कर्म हो । एकता सर्वोपरि हुन्छ भन्ने दंगा र एकले अर्कालाई घृणा अपहेलना गर्नु निकृष्ठ कर्म हो ।

**हिन्दु धर्म र यसका समर्थकहरु र अन्य जाति र धर्महरु**

यो लेख लेखिरहँदा मैले जातीय तथ्यांक र धार्मिक तथ्यांक पनि हेरें । तर ती तथ्यांक मैले यहाँ प्रस्तुत गर्न चाहिन किनकि मिथ्याङ्क लाग्यो । हिमाल र उच्च पहाडबासी निरञ्जन निराकारको रुपमा शिवलाई प्रस्तुत गरिएको छ । यसको अर्थ हो वर्ण विधि र (रंग विहीन) वर्गविहीन प्राचीन देवताका प्रचीक भनेका शिव हुन भनिन्छ । शिव कुनै जात धर्म वा सम्प्रदायमा कैद हुन सक्दैनन् । तर शिव त अहिले हिन्दु धर्मका कैदी सरह भएका छन् । त्यसैले शिव मन्दिर प्रवेश गर्न सबैलाई छुट छैन । अछुत भनिएका वा बनाइएका जाति त धेरै दुर दुर छन् ।

**बोल बम बोल बम**

बोल बम शिवको अर्को नाम रहेछ । बोल बम ! बोल बमको शङखनाद गर्नु ठूलो कुरा होइन । ठूलो कुरा त समाजका सबै समुदायलाई समेट्नु हो । कुनै देवताप्रति कसैको आस्था छ भने अर्काको नहुन पनि सक्छ । यो धार्मिक स्वतन्त्रताको पक्ष हो । मान्नेले मानून् जिन्दावाद ! नमान्नेले नमानून् त्यो पनि जिन्दावाद । तर ठूलो स्वरमा कराएर डिस्टर्व भने कसैलाई गर्नु शोभनीय हुँदैन । मधुर स्वरमा पनि बोल बम गायन गरे हुन्छ । सबैभन्दा दुःखद पक्ष त यो हो कि ईश्वरको नाममा भ्रमित हुँदा दंगा भयो । आपसी मन मुटाव बढयो, गोली चल्यो दुई जनाको ज्यानै गयो । बर्वाद भयो । हार्दिक श्रद्धाञ्जली ।

अन्त्यमा धार्मिक झगडा अनर्थको विषय हो । संसारका यो वा त्यो धर्म भनिएका यी धर्म होइन । यी त साम्प्रदायिक मत हुन् । साम्प्रदायिक आस्था हुन् । नेपाल र नेपालीलाई चाहिएको साम्प्रदायिक आस्था होइन । कुनै आस्थाको नाममा इगो (विरोधी भाव) पाल्नु अनष्टिकारी र विनष्टकारी हुन्छ । नेपाली जो हौं र छौं सबै जिन्दावाद ! बँचाउने र बाँच्ने काम गरौं । आजको मूल धर्म बचाउनु हो र बाँच्नु हो ।

# अवसरको सिर्जना



डा. देवीप्रसाद आचार्य

नेपाल प्राकृतिक सम्पदा, जलस्रोत, कृषि, पर्यटन, जडीबुटी तथा ऊर्जा जस्ता अनेक क्षेत्रमा सम्पन्न हुँदाहुँदै पनि ती स्रोतसाधनको दूरदर्शी योजना तथा प्रभावकारी व्यवस्थापनको अभावले जनसंख्याको ठुलो हिस्सा अवसरभन्दा धेरै अभावमा बाँच्न बाध्य छ । सिङ्गापुरका राष्ट्रनिर्माता ली कुआन युले "सरकारको वास्तविक मूल्याङ्कन अन्ततदेशका नागरिकको जीवनस्तरले निर्धारण गर्दछ," भनेका थिए । नागरिकको जीवनमा रोजगारीको अवसर, सर्वसुलभ गुणस्तरीय शिक्षा, सहज स्वास्थ्यसेवा, सुरक्षित भविष्य र समुन्नत जीवनस्तर छैन भने नेतृत्वले जतिसुकै विकास र सुशासनका भाषण गरे पनि ली कुआन युले भने जस्तो मूल्याङ्कन सरकारको अब्बल हुन सक्दैन ।

नेपालको वर्तमान अवस्थामा अवसर सिर्जना गर्ने मुख्य आधार भनेको उद्योगको स्थापना, कृषिक्षेत्रको आधुनिकीकरण, पर्यटनको विकास र रोजगारमैत्री शिक्षा हो । राज्यले उद्योगहरू स्थापना गरी उत्पादन र रोजगारीका अवसर सिर्जना गर्नुपर्नेमा युवालाई अन्तर्राष्ट्रिय श्रम बजारमा रोजगारीका लागि पठाउने गरेको छ । कृषि उत्पादन घट्दो छ । पर्यटनक्षेत्रको आशातीत विकास हुन सकेको छैन । शिक्षा प्रमाणपत्र आर्जनको माध्यम बनेको छ । शिक्षितहरूले आयआर्जनका अवसर प्राप्त गर्न सकेका छैनन् । शिक्षित जनशक्तिले अवसर पाउनका लागि देशको शिक्षा जीवनोपयोगी, सिपमूलक, प्रविधिमैत्री तथा उत्पादनमुखी हुनु पर्छ । जब शिक्षा सिप, अनुसन्धान र नवप्रवर्तनको बाटोमा विकासित हुँदै जान्छ, तब अभावका चुनौती अवसरमा परिणत हुन सक्छन् ।

दक्षिण अफ्रिकाका महान् नेता नेल्सन मन्डेलाले, "गरिबी अवसरको अभाव होइन, अवसरबाट वञ्चित गरिने अवस्थाको परिणाम हो" भनेका थिए । मन्डेलाको भनाइ हाम्रो देशको सन्दर्भमा ठ्याक्कै मेल खाएको देखिन्छ । यो मुलुकमा प्राकृतिक स्रोत र सम्पदाको कमी छैन । युवा शक्ति र विकासको सम्भावनाको दृष्टिले पनि सम्पन्न छ । परन्तु यी सम्भावनालाई विकास र अवसरमा परिणत गर्न सक्ने राजनीतिक दृष्टिकोण, दूरदर्शी नीति, सुशासन र प्रभावकारी कार्यान्वयनको अभाव छ । फलतः नागरिकहरू अवसरबाट वञ्चित हुनु परेको छ ।

कुनै पनि देशको विकासको मापन त्यस देशका नागरिकले प्राप्त गर्ने अवसरका आधारले गर्छ । जहाँ राज्यले नागरिकलाई अवसर प्रदान गर्छ, त्यहाँ प्रतिभाले फुल्ने र फल्ने मौका पाउँछन् । श्रमले सम्मान पाउँछ । परन्तु हाम्रो देशको सन्दर्भमा ठुलो जनसंख्याले अवसरभन्दा बढी अभावमा जीवन गुजार्नु परेको छ । देशमा गुणस्तरीय शिक्षा, सर्वसुलभ स्वास्थ्यसेवा, रोजगारी, सुशासन, सहज सरकारी सेवा प्रवाहलगायतका समस्या छन् । ग्रामीण जनजीवन अझै कष्टकर छ । दूरदराजका बस्तीले आधारभूत आवश्यकताको अभाव सामना गरिरहेका छन् । आर्थिक अभावका कारण प्रायः घरधुरीबाट युवा रोजगारीका लागि बिदेसिएका छन् । गाउँबस्ती ज्येष्ठ नागरिकको बस्ती भएका छन् ।

त्यसो त समाजका हरेक व्यक्तिलाई सरकारले मात्र अवसर प्रदान गर्नु पर्छ भन्ने चिन्तन उचित होइन । अवसरको खोजी गर्ने काम स्वयम् व्यक्तिको पनि हो । हरेक व्यक्ति आफ्नो क्षमताका आधारमा उद्यमशील हुनु पर्छ । काम खोज्ने, रोज्ने र टिकाउने कर्ममा राज्यको भन्दा व्यक्ति विशेषको भूमिका महत्वपूर्ण हुन्छ । परन्तु हाम्रो समाज सरकारको मुख ताक्ने प्रवृत्ति छ । नागरिकमा अवसरको खोजी गर्ने, परिश्रमी, इमानदार, उद्यमशील तथा सिर्जनशील हुने कार्य कमजोर देखिन्छ । उद्यम गर्नेहरूका लागि राज्यले सहुलियत ब्याजदरमा ऋण दिने व्यवस्था छ । विभिन्न व्यवसायमा संलग्न हुन सकिने सरकारी तथा निजी क्षेत्रमा तालिम सञ्चालनमा छन् । समाजमा सिर्जनात्मक काम गर्नुभन्दा बढी सरकारको आलोचना, आत्मनिर्भरभन्दा परनिर्भरता र उत्पादनभन्दा उपभोक्तावादी चिन्तन तथा अभ्यास हाबी भएको देखिन्छ ।

अहिले नयाँ राजनीतिक दल राष्ट्रिय स्वतन्त्र पार्टीको बहुमतको सरकार छ । यो सरकारबाट समाजले ठुलो अपेक्षा गरेको छ । सरकारले राजनीतिमा भन्ने गरिएको सय दिनको मधुमास अवधि पनि बिताइसकेको छ । आर्थिक वर्ष २०८३/८४ का लागि बजेट पनि आइसकेको छ । उत्पादनमा आधारित अर्थतन्त्रको विकास र रोजगारीको अवसर प्रदान गर्न सरकारसँग नयाँ खाका वा वैज्ञानिक रोडम्याप हुनु जरुरी छ । यसै गरी कृषि क्षेत्रको आधुनिकीकरण, यान्त्रिकीकरण, बजारीकरण तथा व्यवसायीकरण गर्ने ठोस कार्ययोजनामा पनि राज्य अलमलको अवस्थामा देखिन्छ । केही काम हुँदै नभएका भने होइनन् । बालेन्द्र शाह नेतृत्वको सरकार आएपछि सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, पारदर्शी र प्रविधिमैत्री बनाउन कदम चालिएका छन् । सरकारी सेवालाई डिजिटलमैत्री बनाउँदै 'नागरिक एप' मार्फत् सजिलै आवेदन दिन सकिने र विभिन्न प्रमाणपत्र अनलाइनबाटै डाउनलोड गर्न मिल्ने व्यवस्थाको थालनी गरिएको छ । सेवा प्रवाहमा हुने ढिलासुस्ती र अनावश्यक झन्झट हटाएर सेवालाई नतिजामुखी बनाइएको छ । यसै गरी सेवाग्राहीका गुनासोको द्रुत सुनुवाइ गर्न २४ घन्टे प्रणालीका साथै सरकारी निकायमा फाइल कुन चरणमा छ भनेर हेर्ने व्यवस्था मिलाइएको छ । प्रशासनिक खर्च घटाउन मन्त्रालयको संख्या २२ बाट घटाएर १८ मा सीमित गर्दै राजनीतिक प्रभावमुक्त कर्मचारीतन्त्र निर्माणको थालनी गरिएको छ ।

६० को दशकसम्म उत्पादनमा आत्मनिर्भर रहेका गाउँहरू अहिले परनिर्भर बन्दै गएका छन् । गाउँमा युवा नबस्नु, पढेलेखेकाले कृषि, पशुपालन तथा अन्य कुनै पनि उद्यमशीलतामा मन नलगाउनु, तीव्र बसाइँसराइ हुनुलगायतका समस्या एकातिर ठुलो चुनौतीका रूपमा देखिन्छ भने अर्कोतिर राज्यसँग ग्रामीण अर्थतन्त्रलाई उकास्ने कुनै ठोस योजना छैन । विकासको पूर्वाधार विद्युत्, खानेपानी, यातायात, शिक्षा, स्वास्थ्यसेवालगायतका क्षेत्रमा सुधार नगरेसम्म ग्रामीण जीवनमा सकारात्मक परिवर्तन आउन सक्दैन । रोजगारीका लागि निर्यातमुखी कृषि, आधुनिक पशुपालन, कृषिमा आधारित घरेलु उद्योगको स्थापनालगायतका क्षेत्रमा विकास नभई ग्रामीण क्षेत्रमा न त आयआर्जनको अवसर जुट्न सक्छ न त ग्रामीण अर्थतन्त्रको विकास नै हुन सक्छ ।

अहिले जननिर्वाचित बहुमतको सरकारले विकास चाहेको छ । सरकारको भनाइमा विकास र सुशासन पहिलो प्राथमिकतामा छ । विकास र सुशासन भनाइमा होइन, जनताको दैनिकीमा महसुस हुनु पर्छ । नागरिकको जीवन भोगाइमा रूपान्तरित हुनु पर्छ । लोकतन्त्र नेताको भाषणमा होइन, जनताको जीवन भोगाइमा मुखरित हुनु पर्छ ।

अन्त्यमा समाजले अवसरको अभावलाई भाग्य र परिस्थितिसँग जोडेर चित्त बुझाउने कुरा दीर्घकालीन सन्तोषको विषय हुन सक्दैन । राजनीतिक अस्थिरता, गलत प्राथमिकता, विकासको वैज्ञानिक मार्गचित्रको अभावले देश पछाडि परेको छ । हाम्रो जस्तो देशमा जबसम्म युवाको पसिना विदेशको भूमिमा बगिरहन्छ, किसानको खेत बाँझो रहन्छ, शैक्षिक गुणस्तरमा सुधार हुँदैन तबसम्म देशमा अवसरको अभाव रहिरहने देखिन्छ । अभावको अन्त्य र अवसरको सिर्जनाका लागि सरकार, निजी क्षेत्र र नागरिकको त्रिपक्षीय पहल कदमी आवश्यक ठानिन्छ । राज्यले देशभित्र रोजगारी सिर्जना गर्ने वातावरण सिर्जना गर्न अभिभावकको भूमिका खेल्नु पर्छ । शिक्षालाई गुणस्तरीय, व्यावसायिक तथा नवप्रवर्तनको दिशामा अगाडि बढाउनु पर्छ । समाजले सरकारको मुख ताकेर अभावको जीवन बिताउनुभन्दा उद्यशीलताका क्षेत्र पहिचान गरी आयआर्जनका कार्यमा लाग्नु पर्छ । समाज उद्यमशील हुन सकेमा अभाव मेटिँदै जान्छन् । अवसर भेटिँदै जान्छन् । उद्यमशीलताबाट नै गरिबीको चक्रबाट बाहिर निस्कन सकिन्छ ।

गोपबाट

# खाना पचाउने घरेलु उपाय



खाएको कुरा नपचेर हैरान हुनुभएको छ भने घरमै यस्ता प्रयास गर्न सक्नुहुन्छ ः

-अदुवाको एउटा टुक्रामा केही थोपा कागतीको रस र अलिकति बिरे नुन मिसाएर खाने गर्नुस् ।

-पुदिना, धनियाँ, हरियो खुर्सानी, अदुवा, कागतीको रस आदि मिसाएर बनाएको ताजा अचार खानासँग खाने गर्नाले पाचनशक्ति बलियो हुन्छ ।

-मनतातो पानीमा मह र कागतीको रस मिसाई खाली पेटमा खाने गर्नाले अपचको समस्या क्रमशः कम हुँदै जान्छ ।

- खाना राम्रोसँग पच्दैन भने खाँदाखेरि धेरै चपाएर खाँदा पाचन राम्रो हुन्छ ।

-पाचन बलियो नहुनुको मतलब तपाईंको कलेजो त्यति स्वस्थ छैन । त्यसैले मजिराजन्य पदार्थ छुँदै नछुनुस् । पाचन प्रणालीका लागि यो विषतुल्य हुन्छ । गाँजर, चुकन्दर, सागसब्जी र फलफूलजस्ता कलेजोलाई स्वस्थ बनाउने खाना हरेक दिने खाने बानी बसाल्नुपर्छ ।

- पाचनशक्ति कमजोर हुनेहरूको शरीरमा पानीको मात्रा कम हुन्छ। यसले पाचनक्रियालाई समेत असर गर्ने भएकाले पानी प्रशस्त पिउने गर्नुपर्छ ।

-बढी तनाव लिनुभयो भने पनि पेट ढुस्स फुल्ने, खाएको नपच्ने आदि हुन्छ । तनावले मन र दिमागलाई मात्र होइन, पाचनलगायत शरीरका समग्र प्रणालीलाई नै असर गरिरहेको हुन्छ । त्यसैले तनाव कम गर्न योग, प्राणायाम, ध्यान आदि गर्ने बानी बसाल्नुपर्छ ।

-आयुर्वेद चिकित्सकको सल्लाहमा घ्यूकुमारीको जुस खाने गर्नुहोस् ।

- अमला खाने गर्नाले पाचनशक्ति बलियो हुन्छ ।

# किन बढ्छ मनसुनजन्य रोगको जोखिम ?




**प्रगति ढकाल**

यतिबेला वर्षायाम चलिरहेको छ। हरियाली छ प्रकृति। खेतबारीमा धान रोपाइँको चहलपहल बाँकी नै छ। नदी, खोलानाला, खहरेमा पानीको बहाव बढेको छ। वर्षाले वायुमण्डलमा रहेका धुलोका कण तथा अन्य प्रदूषण पखालेर वातावरणलाई स्वच्छ बनाएको छ। प्राकृतिक सौन्दर्यताका बिच बाढी, पहिरो, डुबानजस्ता विपद्सँगै फैलिने विभिन्न सरुवा रोग भने वर्षायामका जोखिमयुक्त पक्ष हुन्।

यस समयमा बाढी पहिरो र डुबानले खानेपानीलाई प्रदूषित बनाउँछ। वर्षायामसँगै विभिन्न सरुवा रोगको जोखिम पनि बढ्ने गरेको छ। डेङ्गु, झाडापखाला, हैजा, स्क्रब टाइफस, लेप्टोस्पाइरोसिस, फङ्गल सङ्क्रमणलगायतका रोग प्रत्येक वर्ष मनसुनमा बढ्ने भएकाले स्वास्थ्य क्षेत्रको प्रमुख चिन्ताको विषय बनेको छ। नेपालमा स्क्रब टाइफस सङ्क्रमण विज्ञान, क्लिनिकल विशेषता, निदान र जटिलताः एक व्यवस्थित समीक्षा (२०२३) ले मनसुन र त्यसपछिको समय स्क्रब टाइफसको उच्च जोखिम अवधि भएको निष्कर्ष निकालेको छ। उक्त अनुसन्धानले नेपालमा स्क्रब टाइफसलाई मनसुन र मनसुनपछिको समयमा बढ्ने महत्वपूर्ण सार्वजनिक स्वास्थ्य समस्याका रूपमा औँल्याएको छ। उक्त स्क्रब टाइफसको सङ्क्रमणसँगै ज्वरो आउने, भोक नलाग्ने, टाउको दुख्ने, खोकी लाग्ने, सास फेर्न गाह्रो हुने, वाकवाकी लाग्ने, पेट दुख्ने, छालामा डाबर आउने, जन्डिस हुनेलगायतका समस्या आउने अध्ययनले देखाएको छ।

विशेषगरी यस समयमा रोगको निगरानी बढाउने, समुदायमा जनचेतना फैलाउने, छिटो परीक्षण गर्ने र समयमै उपचार उपलब्ध गराउने हो भने सङ्क्रमण, जटिलता र मृत्युदर घटाउन सकिने अध्ययनको निष्कर्ष छ। अध्ययन अनुसार वर्षा र आर्द्रताले त्यस समयमा झाडी तथा घाँस बढी बढाउने, स्क्रब टाइफस सार्ने चिगर (लार्भा माइट) का लागि अनुकूल वातावरण बन्ने, किसान तथा खेतबारीमा काम गर्ने मानिससँग सम्पर्क बढ्ने भएकाले सङ्क्रमणको जोखिम पनि बढ्छ। स्वास्थ्य विज्ञका अनुसार वर्षायामको वातावरण रोग फैलनका लागि अत्यन्त अनुकूल हुन्छ।

मनसुन सुरु भएसँगै पानी तथा खानाजन्य रोगका बिरामी बढ्न थालेको शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल टेकुले जनाएको छ। अस्पतालका निर्देशक डा. अनुप बास्तोलाले वर्षायाममा दूषित पानी र अस्वस्थ खानाका कारण झाडा पखाला, आउँ (डिसेन्ट्री) लगायतका पानीजन्य रोगका बिरामी बढ्ने गरेको जानकारी दिए। "यससँगै डेङ्गु र मलेरियाका बिरामी पनि अस्पतालमा आउने क्रम बढ्ने गरेको छ। मनसुनको समयमा झाडा पखाला, आउँ, डेङ्गु र मलेरियाका बिरामी अस्पतालमा नियमित रूपमा देखिने गर्छन्", उनले भने-"यो मौसममा यस्ता रोगको जोखिम बढ्ने भएकाले खानपान र व्यक्तिगत सरसफाइमा विशेष ध्यान दिनुपर्छ।"

डा. बास्तोलाले यस्ता सरुवा रोगबाट जोगिन उमालेर वा सुरक्षित पानी पिउन, ताजा तथा सफा खाना खान, हात धुने बानी बसाल्न र लामखुट्टेको टोकाइबाट जोगिन झुलको प्रयोगलगायतका उपाय अवलम्बन गर्न आग्रह गरे। उनले ज्वरो, पखाला वा अन्य सङ्क्रमणका लक्षण देखिएमा ढिलाइ नगरी स्वास्थ्य संस्थामा उपचार गराउन पनि सुझाव दिए।

यसकारण बढ्छ मनसुनमा सरुवा रोगको जोखिम

मनसुनको समयमा मानिसको जीवनशैली, दूषित पानीको प्रयोग र जलवायु परिवर्तनका कारण सरुवा तथा मौसमी रोगको जोखिम बढ्ने बताउँछन् सरुवा रोग विशेषज्ञ डा. शेरबहादुर पुन। उनका अनुसार वर्षायाममा मानिस बाहिर खाने, दूषित पानी पिउने तथा सरसफाइमा कमी हुने भएकाले पानी तथा खानाजन्य सङ्क्रमण बढ्ने सम्भावना रहन्छ। "मनसुनमा मानिसको व्यवहार पनि रोग फैलिने एउटा महत्वपूर्ण कारण हो", डा. पुनले भने- "यो समयमा तिर्खा बढी लाग्ने भएकाले जहाँ पायो त्यहीँको पानी पिउने प्रवृत्ति हुन्छ। यदि पानी दूषित भयो भने विभिन्न सरुवा रोग फैलिने जोखिम बढ्छ।"

उनका अनुसार मनसुनमा भाइरल सङ्क्रमणका घटनासमेत बढ्ने सम्भावना रहन्छ। पछिल्लो समय जलवायु परिवर्तनका कारण तापक्रममा वृद्धि भइरहेकाले लामखुट्टेको प्रजननका लागि अनुकूल वातावरण बन्ने र त्यसले डेङ्गुजस्ता रोग थप फैलिन सक्ने उनको भनाइ छ। "तापक्रम बढ्दै जाँदा डेङ्गुको जोखिम पनि बढ्न सक्छ", उनले भने-"जलवायु परिवर्तन र मौसमी रोगबिचको सम्बन्धबारे थप अनुसन्धान आवश्यक छ। अनुसन्धानका आधारमा रोगको पहिचान, नियन्त्रण र नीतिगत व्यवस्था प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्छ।"

डा. पुनका अनुसार डेङ्गुको प्रारम्भिक लक्षणमा उच्च ज्वरो, टाउको दुख्ने, आँखाको पछाडि दुख्ने, मांसपेशी तथा जोर्नी दुख्ने, शरीरमा राता दाना देखिने तथा अत्यधिक कमजोरी महसुस हुने गर्छ। समयमै उपचार नपाए केही बिरामीमा रक्तस्राव र रक्तचाप घट्न गई ज्यानै जोखिममा पर्ने अवस्था आउन सक्ने उनले बताए। मनसुनजन्य रोग रोकथामका लागि प्रभावकारी अनुसन्धान र नीतिगत कार्यान्वयन आवश्यक रहेको छ।

विशेषज्ञका अनुसार डेङ्गु नियन्त्रणको सबैभन्दा प्रभावकारी उपाय लामखुट्टेको प्रजननस्थल नष्ट गर्नु हो। डा. पुनले घर वरिपरि पानी जम्न नदिने, पानी राख्ने भाँडालाई छोपेर राख्ने, त्यस्ता भाँडाकुडा कम्तीमा हप्तामा एकपटक सफा गर्ने, झुलको प्रयोग गर्ने तथा लामखुट्टेको टोकाइबाट जोगिने उपाय अपनाउनुपर्ने सुझाव दिए। उनले मनसुनको समयमा ज्वरो वा अन्य सङ्क्रमणका लक्षण देखिएमा घरमै बसेर औषधि सेवन गर्नुको सट्टा स्वास्थ्य संस्थामा पुगेर परीक्षण तथा उपचार गराउन पनि आग्रह गरे।

जलवायु परिवर्तनले बढाएको चुनौती

जलवायु परिवर्तनका कारण वर्षाको स्वरूप फेरिँदै जाँदा मनसुनजन्य रोगको जोखिम पनि बढ्दै गएको विज्ञहरूले बताएका छन्। राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुख तथा जलवायुविद् डा. धर्मराज उप्रेतीले छोटो समयमा अत्यधिक वर्षा हुने, लामो समयसम्म पानी जमिरहने, तापक्रम र आर्द्रतामा हुने परिवर्तनले विभिन्न सरुवा रोग फैलाउने जीवाणु, भाइरस तथा रोग सार्ने कीटको जीवनचक्रलाई अनुकूल बनाएको बताए।

जलवायु परिवर्तनले मनसुनजन्य विपद्सँगै जनस्वास्थ्यमा पनि नयाँ चुनौती थपिएको उनको भनाइ छ। "अत्यधिक वर्षाका कारण धेरै स्थानमा पानी जम्ने अवस्था सिर्जना हुन्छ। त्यसले खानेपानीका स्रोत दूषित बनाउँछ र पानीजन्य रोग फैलिने जोखिम बढाउँछ", उप्रेतीले भने-"अर्कोतर्फ बढ्दो तापक्रम र अत्यधिक गर्मीले पनि विभिन्न सरुवा रोगको जोखिम बढाउन सक्छ। बाढी, पहिरो र डुबानले स्वास्थ्य सेवा प्रभावित बनाउँदा रोग नियन्त्रण अझ चुनौतीपूर्ण बन्छ र यसले मानवीय क्षति पनि बढाउन सक्छ।"

उनका अनुसार जलवायु परिवर्तन अब वातावरणीय मात्र नभई जनस्वास्थ्यसँग प्रत्यक्ष जोडिएको चुनौती बनेको छ। त्यसैले विपद् व्यवस्थापनसँगै स्वास्थ्य क्षेत्रको पूर्वतयारी र समुदायस्तरको सचेतनालाई पनि सुदृढ बनाउनुपर्ने आवश्यकता रहेको उप्रेतीको भनाइ छ।

रोक नियन्त्रणका लागि सरकारी तयारी के छ ?

मनसुनसँगै विभिन्न सरुवा तथा पानीजन्य रोगको जोखिम बढ्ने स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले जनाएको छ। मन्त्रालयले वर्षायाममा सरुवा रोगको जोखिम न्यूनीकरणका लागि देशभर निगरानी प्रणाली सक्रिय पारिएको, तीन तहकै सरकारसँग समन्वय गरी रोगको सूचना सङ्कलन, प्रयोगशाला परीक्षण, औषधि तथा स्वास्थ्य सामग्रीको व्यवस्थापन र जनचेतनामूलक कार्यक्रम सञ्चालन भइरहेको जानकारी दिएको छ।

मन्त्रालयका सहप्रवक्ता तथा वरिष्ठ स्वास्थ्य प्रशासक डा. समिरकुमार अधिकारीले वर्षायाममा झाडा पखाला, हैजा, आउँ, टाइफाइड, डेङ्गुलगायतका रोग फैलिने जोखिम हुने भएकाले व्यक्तिगत सरसफाइ र सुरक्षित खानपानमा विशेष ध्यान दिन आग्रह गरे। "बर्खायाममा तापक्रम बढ्छ, बाढी र डुबानका कारण खानेपानीका स्रोत दूषित हुने तथा खाद्यान्न बिग्रने सम्भावना बढ्छ", उनले भने- "खाना बनाउनुअघि साबुनपानीले हात नधोए सङ्क्रमण सजिलै फैलिन सक्छ। त्यसैले सुरक्षित पानी, ताजा खाना र व्यक्तिगत सरसफाइमा विशेष ध्यान दिनुपर्छ।"

अधिकारीका अनुसार वर्षायाममा लामखुट्टेको वृद्धि हुने भएकाले डेङ्गु तथा अन्य कीटजन्य रोगको जोखिम पनि बढ्छ। घरका झ्याल-ढोकामा जाली लगाउने, घर वरिपरि पानी जम्न नदिने तथा लामखुट्टेको टोकाइबाट जोगिने उपाय अपनाउन उनले आग्रह गरे। डा. अधिकारीले ताजा तथा पोषणयुक्त खाना खाने, प्रशस्त झोलिलो पदार्थ र सुरक्षित पानी पिउने तथा धूमपान र मद्यपानबाट टाढा रहन पनि सुझाव दिए। उनका अनुसार सरकारले मनसुन पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना, २०८३ कार्यान्वयन गर्दै मनसुनजन्य स्वास्थ्य जोखिम न्यूनीकरणका लागि आवश्यक तयारी गरिरहेको छ। सो कार्ययोजनाअनुसार मनसुनजन्य विपद्बाट प्रभावितको उपचारका लागि आवश्यक औषधि, स्वास्थ्य सामग्री, जनशक्ति तथा साधन-स्रोत तयारी अवस्थामा राखिएको छ।

त्यस्तै, सञ्चार माध्यममार्फत् महामारी तथा मनसुनजन्य स्वास्थ्य समस्याबारे जनचेतनामूलक सन्देश प्रवाह गर्ने, सङ्घ र प्रदेशमा रहेका स्वास्थ्य आपत्कालीन कार्यसञ्चालन केन्द्रलाई थप सक्रिय बनाउने तथा स्वास्थ्य क्षेत्रको समन्वय र प्रतिकार्यलाई प्रभावकारी बनाउने व्यवस्था गरिएको मन्त्रालयले जनाएको छ।

डा. अधिकारीले ज्वरो, झाडापखाला, बान्ता, शरीर दुख्ने वा अन्य सङ्क्रमणका लक्षण देखिएमा घरेलु उपचारमा अल्झिनुभन्दा तत्काल स्वास्थ्य संस्थामा पुगेर परीक्षण र उपचार गराउन आग्रह गरे।

मनसुनमा बढ्न सक्छ, नाक -कान- घाँटीका सङ्क्रमण

मनसुनसँगै बढ्ने आर्द्रता, पानीजन्य प्रदूषण तथा सङ्क्रमणका कारण कान, नाक र घाँटीसम्बन्धी रोगको जोखिम बढ्न सक्ने बताउँछन् वीर अस्पतालका नाक, कान तथा घाँटी रोग विशेषज्ञ डा. विमलेश कुमार गुप्ता।

"वर्षायाममा विशेषगरी कानको सङ्क्रमण, घाँटीको सङ्क्रमण तथा नाकसम्बन्धी समस्या लिएर अस्पताल आउने बिरामीको संख्या उल्लेखनीय रूपमा बढ्ने गर्छ", उनी भन्छन्-"मनसुनमा वातावरणमा आर्द्रता बढी हुने भएकाले जीवाणु र फङ्गसको वृद्धि सहज हुन्छ। त्यसैले कानको सङ्क्रमण, घाँटी दुख्ने, टन्सिलको सङ्क्रमण तथा नाकका विभिन्न सङ्क्रमण अन्य मौसमको तुलनामा बढी देखिने गरेका छन्।"

डा. गुप्ताका अनुसार प्रदूषित पानी र वातावरण तथा व्यक्तिगत सरसफाइमा कमी हुँदा सङ्क्रमणको जोखिम अझ बढ्छ। "दूषित पानीको प्रयोग, वर्षामा अत्यधिक भिज्ने, कानमा पानी पस्ने तथा आवश्यक सावधानी नअपनाउँदा कान र घाँटीका सङ्क्रमण बढ्न सक्छन्।"-उनले भने। डा. गुप्ताका अनुसार जाडोयाममा एलर्जीजन्य समस्या देखिए पनि गर्मी र मनसुनमा भने सङ्क्रमणजन्य रोगको प्रभाव बढछ। "घाँटीमा सङ्क्रमण हुँदा ज्वरो आउने, घाँटी अत्यधिक दुख्ने, निल्न गाह्रो हुने तथा नाक र घाँटी दुवैतर्फ सङ्क्रमणका लक्षण देखिन सक्छन्।"- गुप्ताले भने।

सामान्य सङ्क्रमणलाई बेवास्ता गर्दा दीर्घकालीन जटिलता निम्तिन सक्ने भएकाले प्रारम्भिक लक्षण देखिनेबित्तिकै उपचार गराउनुपर्ने डा. गुप्ताको सुझाव छ। "कानको सङ्क्रमण समयमै उपचार नगरे कानको जालीमा प्वाल पर्न सक्ने, श्रवणशक्ति घट्न सक्ने तथा दीर्घकालीन कानको रोग विकसित हुन सक्ने जोखिम रहन्छ।"-उनले भने।

मनसुनमा कान, नाक र घाँटीका रोगबाट जोगिन केही सामान्य सावधानी अपनाउन डा. गुप्ताको सुझाव छ। "सधैँ शुद्ध र सुरक्षित पानी पिउनुपर्छ। कानमा पानी पस्न दिन हुन्न र कानलाई सावधानीपूर्वक सुक्खा राख्नुपर्छ। चिकित्सकको सल्लाहबिना कानमा तेल वा अन्य कुनै तरल पदार्थ हाल्नु हुँदैन।"-डा. गुप्ताले भने।

उनका अनुसार धुलोधुवाँ तथा एलर्जी गराउने वातावरणबाट सकेसम्म जोगिनुपर्ने, व्यक्तिगत सरसफाइमा विशेष ध्यान दिनुपर्ने, सन्तुलित आहार सेवन गर्नुपर्ने र पर्याप्त आराम तथा पानी पिउने बानी अपनाउनुपर्छ।

"नाक, कान वा घाँटी दुख्ने लक्षणलाई सामान्य ठानेर बेवास्ता गर्नुहुँदैन", उनले भने-"समयमै चिकित्सकीय परामर्श र उपचार गरे अधिकांश सङ्क्रमण सजिलै निको हुन्छन्। तर उपचारमा ढिलाइ गर्दा सङ्क्रमण फैलिने, जटिलता बढ्ने तथा दीर्घकालीन असर पर्ने सम्भावना रहन्छ।"

मनसुनका बेला विशेषगरी बालबालिका, ज्येष्ठ नागरिक तथा रोग प्रतिरोधात्मक क्षमता कमजोर भएका व्यक्तिमा सङ्क्रमणको जोखिम हुने चिकित्सकको भनाइ छ। प्रारम्भिक लक्षण देखिनासाथ स्वास्थ्य संस्थामा गई चिकित्सकीय परामर्श तथा उपचार लिनु नै सुरक्षित विकल्प भएको विशेषज्ञको सुझाव छ।

# खजुरा क्यान्सर अस्पतालका ४४ उपकरण मर्मत



नेपालगञ्ज (बाँके)। बाँकेको सुशील कोइराला प्रखर क्यान्सर अस्पताल खजुरामा लामो समयदेखि बिग्रिएर थन्किएका ४४ वटा विभिन्न उपकरणको मर्मत गरिएको छ। राष्ट्रिय आविष्कार केन्द्रका प्राविधिकले एक साताको अवधिमा ती उपकरण मर्मत गरेको अस्पताल प्रशासनले जनाएको छ।

क्यान्सर अस्पतालका निर्देशक डा. नीरज भट्टराईले मर्मत भएका उपकरण प्रयोगमा ल्याइएको जानकारी दिँदै केही उपकरण मर्मतका लागि सुझाव दिएकाले प्राविधिक टोलीले लिएर गएका बताए। "मर्मत भएका सबै उपकरण प्रयोगमा आएपछि बिरामीलाई सहज वातावरण निर्माण भएको छ।"-उनले भने।

सो अस्पतालमा लामो समयदेखि बिग्रिएर थन्किएका आवश्यक उपकरणको मर्मत सम्भारका लागि साउनको पहिलो साता राष्ट्रिय आविष्कार केन्द्र र क्यान्सर अस्पतालबिच सम्झौता भएको थियो। अस्पतालका निर्देशक डा. भट्टराईले सम्झौता भए लगत्तै आविष्कार केन्द्रका बायोमेडिकल टोली प्रमुख एवं इञ्जिनियर उमेश किरातीको नेतृत्वमा रहेका पाँच जना प्राविधिकको टोलीले बिग्रिएका उपकरणको मर्मत सम्भार गरेको जानकारी दिए।

मर्मत सम्भार गरिएको उपकरणमा क्यान्सरसम्बन्धी रोग परीक्षण तथा उपचार गर्ने विभिन्न उपकरण रहेका छन्। ती उपकरणहरू मर्मत सम्भार भएर पुनःसञ्चालनमा आएपछि बिरामीको उपचार सहज र छिटो हुन थालेको उनको भनाइ छ।

आविष्कार केन्द्रका इञ्जिनियर किरातले अस्पतालसँग केन्द्रको सम्झौता बमोजिम लामो समयदेखि बिग्रिएका विभिन्न उपकरणको आफूहरूले मर्मत सम्भार गरेको बताए। उनका अनुसार मर्मत सम्भार गरिएका उपकरणमा एक्सरे मेसिन दुई वटा, अल्ट्रासाउन्ड मेसिन एउटा, भेन्टिलेटर तीन वटा, एनेस्थेसिया मेसिन एउटा, केमो क्याबिनेट एउटा, माइक्रोस्कोप, ल्याप्रोस्कोपी टावरलगायत छन्।

ल्याप्रोस्कोपी टावरको केही सामान यहाँ उपलब्ध नभएर बाहिरबाट मगाउनुपर्ने देखिएको पनि इञ्जिनियर किरातले बताए। सोही कारणले अस्पतालमा बिग्रिएको मेमोग्राफको पनि मर्मत सम्भारमा समस्या परेको उनको भनाइ छ। क्यान्सर अस्पतालमा रहेको अन्य दुई उपकरण मर्मतका लागि काठमाडौँ लगिएको छ।

खजुराका स्थानीय अगुवा शिवराज श्रेष्ठले लामो समयदेखि बिग्रिएर थन्किएका अस्पतालका आवश्यक उपकरणको मर्मत सम्भार भएपछि अब बिरामीलाई साना परीक्षणका लागि पनि बाहिर जानुपर्ने बाध्यताको अन्त्य भएको बताए। उनले सरकारले राष्ट्रिय आविष्कार केन्द्रलाई अझै बलियो र सदृढ बनाउँदै देशभरि बिग्रिएका विभिन्न क्षेत्रका उपकरण मर्मत र नयाँ निर्माणमा सक्रिय बनाउनुपर्ने माग गरे। गतवर्ष भेरी अस्पतालमा १२ वटा विभिन्न उपकरण पनि मर्मत गरिएको थियो।

---

**तराई–मधेशका ...**

हाल विकसित भएको असामान्य तथा संवेदनशील परिस्थितिको आडमा सामाजिक द्वन्द्व र घटनालाई उपयोग गर्दै नेपाली जनताको लामो संघर्ष र बलिदानबाट प्राप्त संघीय लोकतान्त्रिक गणतन्त्र, समावेशिता, सामाजिक न्याय र संविधानद्वारा सुनिश्चित उपलब्धिलाई कमजोर पार्ने, स्थानीय अवस्थालाई थप भड्काउने, विभिन्न समुदायबीच वैमनस्य, घृणा, अविश्वास र तनाव सिर्जना गरी आफ्नो निहित राजनीतिक स्वार्थ पूरा गर्न खोज्ने कुनै पनि प्रवृत्ति, षड्यन्त्र वा गतिविधिप्रति पार्टी केन्द्रीय कार्य संयोजन समितिले गम्भीर रूपमा सचेत रहन सम्पूर्ण नेपाली जनतासमक्ष आह्वान गरेको छ। साथै यस्ता विभाजनकारी र उत्तेजनात्मक हरेक प्रयासलाई असफल पार्न सबै लोकतान्त्रिक, प्रगतिशील तथा देशभक्त शक्तिहरू एवं हाम्रो पार्टी पङ्क्तिलाई एकताबद्ध हुन हार्दिक आग्रह गरेको छ।

यस्तै सामाजिक सद्भाव र एकता कायम गर्दै देश र जनताको हित रक्षा गर्न पार्टीका विभिन्न स्तरका समितिहरु, नेता तथा कार्यकर्तालाई अन्य राजनीतिक दल र संघसंस्थाहरूसँग संवाद गर्दै संवाद, बैठक र सद्भाव ऱ्याली जस्ता कार्यहरू गर्न अग्रसर रहन हार्दिक आग्रहका साथ निर्देशित गरेको छ। यस्तै तराई-मधेशमा उत्पन्न परिस्थितिलाई देश र जनताको हित अनुरूप समाधान गर्नुपर्ने, अहिले राजनीतिक तिक्तता बढाउने समय नभई राष्ट्रिय जिम्मेवारी प्रदर्शन गर्ने समय भएको ठहर गर्दै शान्ति, सामाजिक सद्भाव, सहिष्णुता र राष्ट्रिय एकताको रक्षा गर्दै संविधान तथा लोकतान्त्रिक मूल्य-मान्यताको सम्मान गर्नु सबैको साझा दायित्व भएको स्मरण गराइएको छ। बैठकले सरकार, सबै राजनीतिक दल, नागरिक समाज, सञ्चारमाध्यम तथा सम्पूर्ण नेपाली जनतालाई आपसी विश्वास, संयम, निरन्तर संवाद र जिम्मेवारीपूर्ण व्यवहारका साथ अघि बढ्न पुनः हार्दिक अपिल गरेको छ।

**सामाजिक...**

बैठकले धार्मिक दृष्टिले संवेदनशील मानिएका बाँके र कपिलवस्तु जिल्लामा जिल्ला सुरक्षा समितिसँग समन्वय गरी सबै सरोकारवालाको सहभागितामा संवाद, अन्तरक्रिया र सद्भाव अभिवृद्धिका कार्यक्रम सञ्चालन गर्ने निर्णय पनि गरेको छ।

बैठकमा नेपाली कांग्रेस संसदीय दलका नेता तथा पूर्वमुख्यमन्त्री डिल्लीबहादुर चौधरी, नेपाली कम्युनिष्ट पार्टी संसदीय दलका नेता तथा पूर्वमुख्यमन्त्री जोखबहादुर महरा, आन्तरिक मामिला तथा कानुन मन्त्री भण्डारीलाल अहिर, युवा तथा खेलकुद मन्त्री सन्तोष पाण्डे, राप्रपा संसदीय दलका नेता आशिष चौधरी, राष्ट्रिय स्वतन्त्र पार्टी, नेपाली कांग्रेस, नेकपा एमाले, नेपाली कम्युनिष्ट पार्टी, राप्रपाका प्रतिनिधि, विश्व हिन्दु महासंघ, इस्लामिक समुदायका मौलाना तथा विभिन्न धार्मिक र नागरिक अगुवाको सहभागिता रहेको थियो।

---

**नेपाल सरकार**
**गृह मन्त्रालय**
**जिल्ला प्रशासन कार्यालय**
**सिद्धार्थनगर, रुपन्देही**

## विषयः प्रमाणित सम्बन्धमा

**जो जससँग सम्बन्ध छ।**



जिल्ला रुपन्देही देवदह नगरपालिका वडा नं. ७ बस्ने गज बहादुर गुरुङले आफ्नो भू.पू. सैनिक नं. JC-612473H, Rank-SUB को पेन्सनर रहेकोमा निजको पत्नीले प्राप्त गरेको नेपाली नागरिकता प्रमाणपत्रमा नाम थर खिम कुमारी गुरुङ र जन्म मिति वि.सं. २०२३/०८/३० (15 December 1966 AD) र पेन्सन अभिलेखमा पत्नीको नाम थर Khim Kumari र जन्म मिति 15 November 1966 AD उल्लेख भई नाम थर र जन्म मिति फरक परेता पनि व्यक्ति फरक नभई एकै रहेको व्यहोरा प्रमाणित गरिपाउँ भनी यस कार्यालयमा निवेदन पेश गर्नु भएकोमा सम्बन्धित देवदह नगरपालिका ०७ नं. वडा कार्यालयको च.नं. ११९ मिति २०८३/०४/१४ को सिफारिस पत्रबाट समेत लेखी आएकोले सोही व्यहोरा पेन्सन प्रयोजनका लागि प्रमाणित गरिएको छ।

**प्रमुख जिल्ला अधिकारी**

---

**नेपाल सरकार**
**गृह मन्त्रालय**
**जिल्ला प्रशासन कार्यालय**
**सिद्धार्थनगर, रुपन्देही**

## विषयः प्रमाणित सम्बन्धमा।

**जो जससँग सम्बन्ध छ।**



जिल्ला रुपन्देही तिलोत्तमा नगरपालिका वडा नं. १३ बस्ने दुर्गा प्रसाद पौडेलले भारतीय पेन्सनर रेजिमेन्ट नं. नायक ३/९ जि.आर Rank No. 5843537H को पेन्सनर रहेकोमा निजले प्राप्त गरेको नेपाली नागरिकता प्रमाणपत्रमा नाम थर दुर्गा प्रसाद पौडेल र जन्म मिति वि.सं. २०११/०१/२५ (ई.सं. १९५४-०५-०७) उल्लेख भएको र भारतीय पेन्सन अभिलेखमा निजको नाम थर दुर्गा बहादुर क्षेत्री (Durga Bahadur Chhetri) र जन्म मिति ई.सं. १९५९-०३-१२ उल्लेख भएको साथै निजको पत्नीले प्राप्त गरेको नेपाली नागरिकता प्रमाणपत्रमा नाम थर दुर्गा कुमारी पौडेल र जन्म मिति वि.सं. २०२०/०४/१२ (ई.सं. १९६३-०७-२७) उल्लेख भएको र भारतीय पेन्सन अभिलेखमा पत्नीको नाम थर देव रुपा (Dev Rupa) र जन्म मिति ई.सं. १९६३-०६-०४ उल्लेख भई पेन्सनर र निजको पत्नीको नाम थर र जन्म मिति फरक परेतापनि व्यक्ति फरक नभई एकै रहेको व्यहोरा प्रमाणित गरीपाँउ भनी यस कार्यालयमा निवेदन पेश गर्नु भएकोमा सम्बन्धित तिलोत्तमा नगरपालिका १३ नं. वडा कार्यालयको च.नं. ३२ र ३३ मिति २०८३/०४/०८ को सिफारिस पत्रबाट समेत लेखी आएकोले सोही व्यहोरा पेन्सन प्रयोजनका लागि प्रमाणित गरिएको छ।

**प्रमुख जिल्ला अधिकारी**


**ट्वाइलेट सफा गराउनुहोस्**

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर
समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

**ट्वाइलेट सफा गराउनुहोस्**

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्को बेला पनि सेवा दिइने छ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

**ट्वाइलेट सफा गराउनुहोस्**

तपाईंको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

# भैरहवामा शान्ति र एकताको सन्देश दिंदै सद्भाव र्‍याली




भैरहवा । समाजमा शान्ति, एकता र भाइचाराको सन्देश फैलाउने उद्देश्यका साथ शनिबार भैरहवामा एक बृहत् सद्भाव र्‍याली भएको छ। सिद्धार्थ उद्योग वाणिज्य संघ र चेम्बर अफ कमर्स रुपन्देहीको संयुक्त आयोजनामा निकालिएको उक्त र्‍यालीले समाजका विभिन्न वर्ग र समुदायबिच आपसी मेलमिलाप कायम राख्न तथा भाइचारा प्रवर्द्धन गर्ने सन्देश दिएको छ।

शनिबार लुम्बिनी गेटबाट सुरु भएको सद्भाव र्‍यालीले बजारका मुख्य भागहरूको परिक्रमा गर्दै मिलन चोकमा पुगेर समापन भएको थियो। र्‍यालीमा सिद्धार्थनगर नगरपालिकाकी उपप्रमुख उमा अधिकारी, सहित उद्योगी, व्यापारी, नागरिक समाजका अगुवा, विभिन्न संघ-संस्थाका प्रतिनिधि तथा सर्वसाधारणको उपस्थिति रहेको थियो। यसका साथै हिन्दू, मुस्लिम तथा अन्य धर्मका स्थानीय अगुवाहरूले समेत सहभागिता जनाएर धार्मिक सहिष्णुता र सामाजिक एकताको नमुना प्रस्तुत गरेका थिए। उनीहरु राष्ट्रिय झण्डासहित आएका थिए।

देशको आर्थिक तथा सामाजिक विकासका लागि समाजमा शान्ति र सद्भाव अपरिहार्य रहेको कुरालाई मध्यनजर गर्दै कार्यक्रम आयोजना गरिएको हो। कार्यक्रममा सहभागी सरोकारवालाहरूले मधेशका अन्य जिल्लाको प्रभाव यहाँ पर्न नदिन व्यक्तिगत तथा संस्थागत रूपमा काम गरिरहेको बताउँदै शनिबारको यस सद्भाव र्‍यालीले आम नगरवासीमा थप सकारात्मक सन्देश प्रवाह गर्ने अपेक्षा छ।

कार्यक्रममा स्वागत गर्दै रुपन्देही चेम्बर अफ कमर्शका अध्यक्ष सचिन रोक्काले पूर्वी तराईमा दुई समुदायबिच उत्पन्न तनाव साम्य पार्न दबाब दिने र मेलमिलापको संदेश दिन यस्ता र्‍याली आयोजना गरिएको बताए। रोक्कले गौतमबुद्धको जन्मस्थलको प्रवेशद्वारबाट मुलुकमा सबै समुदायले मिलेर शान्ति स्थापना गर्नुपर्छ र सबै संयम र सदभाव मार्फत शान्ति कायम राख्नु पर्नेमा जोड दिए।

सिद्धार्थनगर नगरपालिकाकी उपमेयर उमा अधिकारीले नगरवासीहरू सानोतिनो हल्लाको पछि नलागी संयमित हुनुपर्नेमा जोड दिइन। उनले हाम्रो सिद्धार्थनगरमा कति सद्भाव, भाइचारा र एक-आपसमा सम्मान छ भन्ने कुरा प्रस्ट रहेको बताउँदै यहाँको विश्वास र एकरूपताको सन्देश अरू ठाउँमा पनि पुऱ्याउनुपर्ने र आफ्नो ठाउँलाई बिग्रिन दिन नहुने बताइन।

कार्यक्रममा बोल्दै स्थानीय अगुवा बिएन गुप्ताले सिद्धार्थनगरमा कहिल्यै पनि धार्मिक वा समुदायको नाममा हत्या-हिंसा र आतङ्क नभएको इतिहास स्मरण गराउँदै उनले धार्मिक हिसाबले अलग-अलग भए तापनि अधिकार र स्वतन्त्रताका हिसाबले सबै एउटै भएको उल्लेख गर्दै एकजुट भएर अगाडि बढे मात्र सबै नेपालीको जित हुने धारणा व्यक्त गरे।

त्यसैगरी मुस्लिम समुदायका प्रतिनिधि अकिल अहमदले रुपन्देहीमा मुस्लिम र हिन्दु समुदायले एक-अर्काको पर्व दसैँ-तिहार र ईदमा शुभकामना आदानप्रदान गर्दै मिलेर बसेको पुरानो इतिहास रहेको स्मरण गराए। कहीं-कतै अराजक तत्वहरूले भाँजो हाल्न खोजे पनि आफूहरू काँधमा काँध मिलाएर एक रहेको प्रमाण दिएको भन्दै उनले देशका अन्य भागमा जेसुकै क्रियाकलाप भए तापनि सिद्धार्थनगरमा यस्तो हुन नदिने प्रतिबद्धता व्यक्त गरे।

कार्यक्रममा सबैलाइ धन्यवाद ज्ञापन गर्दै सिद्धार्थ उद्योग वाणिज्य संघका अध्यक्ष नेत्र आचार्यले सबैको रगत एउटै हुने भएकाले मानवता नै सबैभन्दा ठूलो धर्म भएको बताए। दुःखमा 'मर्दाको मलामी' र खुसीमा 'जन्ती' जाने सामाजिक एकताको चर्चा गर्दै उनले समाजमा अशान्ति फैलाउने उत्सृङ्खल गतिविधिलाई नियन्त्रण गर्न प्रशासनलाई बुझाउने र सबै संयमित भएर आफ्ना उद्योग-व्यवसाय सुचारु रूपमा सञ्चालन गर्ने प्रतिबद्धता व्यक्त गरे।

# नेकपा तिलोत्तमाको प्रथम एकता बैठक, ९९ जनाको नगर समिति

तिलोत्तमा । नेपाली कम्युनिष्ट पार्टी (नेकपा) को तिलोत्तमा नगर समितिको प्रथम एकता बैठक तथा प्रशिक्षण कार्यक्रम शनिबार तिलोत्तमामा सम्पन्न भएको छ।

कार्यक्रममा बोल्दै सो पार्टीका नेताहरूले कम्युनिष्ट आन्दोलनलाई पुनः एकताबद्ध गर्दै जनताको विश्वास पुनः हासिल गर्नुपर्नेमा जोड दिएका छन्।

वर्तमान सरकारका अधिकांश निर्णय र कामहरु गरीब, मजदुर र किसान सहित आम नेपाली जनताको हितमा नभएको र सरकार छोटो समयमै बदनाम भइसकेको नेताहरुले बताए।

नेताहरुले संगठन विस्तार, वैचारिक स्पष्टता र जनतासँग प्रत्यक्ष सम्बन्ध मजबुत बनाउने विषयमा प्रशिक्षण तथा छलफल गर्दै पार्टीलाई निर्णायक शक्ति बनाउने बताएका थिए।

नेताहरूले पछिल्ला राजनीतिक घटनाक्रमपछि कम्युनिष्ट शक्तिलाई थप संगठित बनाउने, वडा तहसम्म संगठन सुदृढ गर्ने र जनजीवीकाका मुद्दामा प्रभावकारी रूपमा उत्रिने प्रतिबद्धता व्यक्त गरेका छन्।

कार्यक्रममा बोल्दै नेकपा रुपन्देही संयोजक निर्मल जीसीले कम्युनिष्ट शक्तिहरु एकता र सहकार्यको प्रकृयामा रहेको उल्लेख गर्दै निकट भविष्यमै फेरि देशकै बलियो शक्ति बन्ने आधारहरु रहेको बताए।

श्रीलंकाको उदाहरण दिंदै नेता जीसीले ४ सिटमा खुम्चिएको कम्युनिष्ट पार्टीले हालैको चुनावमा वहुमत ल्याएर सरकारमा पुगेको भन्दै नेपालमा पनि कम्युनिष्ट पार्टीहरु एकतावद्ध हुने हो भने छिटै पहिलो पार्टी बन्ने दाबी गरे।

कार्यक्रममा नेकपा रुपन्देही सह-इञ्चार्ज राम परियार, सह-इञ्चार्ज आशा चौधरी, केन्द्रीय सदस्यहरु सुजित विक, कमल भण्डारी, नेता बाबुलाल यादव, नगर संयोजक बेलप्रसाद शर्मा, इन्दु थापालगायतले प्रशिक्षण मन्तव्य राख्दै कार्यकर्तालाई आशावादी र उत्साहित भएर अघि बढ्न आग्रह गरेका थिए।

भेलाले नेकपा नगर कमिटीको संयोजकमा बेलप्रसाद शर्मा, सह-संयोजकमा गिता भाट, नगर इञ्चार्जमा धनबहादुर गुरुङ र सह-इञ्चार्जमा रामु साहनीसहित ९९ सदस्यीय नगर कमिटी गठन गरेको छ।

कार्यक्रममा नगर समितिका पदाधिकारी, विभिन्न वडाका प्रतिनिधि तथा कार्यकर्ताको सहभागिता रहेको थियो।

# खाँचीकोटमा हजार बढी वृक्षरोपण

## खानी र वातावरण संरक्षणलाई सँगै लैजाने भूगर्भ सिमेन्टको प्रतिबद्धता।



अर्घाखाँची । पर्यावरण संरक्षणका लागि अर्घाखाँचीको सन्धिखर्क नगरपालिका वडा नं. ७, खाँचीकोटमा करिब १ हजार विभिन्न प्रजातिका बिरुवाको वृक्षारोपण गरिएको छ।

भूगर्भ सिमेन्ट लिमिटेडको आर्थिक सहयोग तथा सिताचुली-म्युदाँडा सामुदायिक वन उपभोक्ता समूहको आयोजनामा सो कार्यक्रम सम्पन्न भएको हो। वृक्षरोपणका क्रममा वन क्षेत्रमा शीतलचिनी, सिकउली, धूपी, टिमुर, कपुर र ओखरलगायतका प्रजातिका बिरुवाहरू रोपिएका छन्। भूगर्भ सिमेन्टले स्थापनाकालदेखि नै खानी प्रभावित क्षेत्रमा प्रत्येक वर्ष वृक्षारोपण गर्दै आएको छ।

कार्यक्रममा बोल्दै जिल्ला समन्वय समितिका प्रमुख जीवनारायण कोइरालाले वातावरण र पर्यावरण जोगाउन वृक्षारोपण अति आवश्यक रहेको बताए। वृक्षारोपणले जैविक विविधतामा टेवा पुग्ने उल्लेख गर्दै उनले वनजंगलको संरक्षणबाट नै पानीका मुहानहरू जोगिने र पर्यावरण संरक्षणमा सकारात्मक परिवर्तन आउने धारणा राखे।

कार्यक्रमलाई सम्बोधन गर्दै भूगर्भ सिमेन्ट लिमिटेडका अध्यक्ष नन्दी केशर पौड्यालले विकास र वातावरण संरक्षण एकअर्काका प्रतिस्पर्धी नभई सँगसँगै लैजान सकिने विषय भएको बताए। उद्योग वातावरण संरक्षण, प्राकृतिक स्रोतको दिगो उपयोग र स्थानीय समुदायसँगको सहकार्यमा प्रतिबद्ध रहेको उनको भनाइ थियो।

अध्यक्ष पौड्यालले कम्पनीले २०५६ सालदेखि कानुनबमोजिम चुनढुंगा खानी सञ्चालन गर्दै आएको र वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) तथा प्रारम्भिक वातावरणीय परीक्षण (IEE) को पूर्ण पालना गरिरहेको स्पष्ट पारे। उनका अनुसार उद्योगले २०७६ सालयता नेपाल सरकार, स्थानीय तह र सम्बन्धित निकायलाई १४ करोड ३४ लाख रुपैयाँभन्दा बढी राजस्व, रोयल्टी तथा सामाजिक योगदान बुझाइसकेको छ। करिब ३ अर्ब रुपैयाँ निजी लगानी रहेको यस उद्योगबाट प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा करिब २०० जनाले रोजगारी पाएका छन्।

कम्पनीले संस्थागत सामाजिक उत्तरदायित्व (CSR) अन्तर्गत स्थानीय विद्यालयमा शिक्षकको तलब, सडक निर्माण तथा मर्मत, धुलो नियन्त्रण, विपद् व्यवस्थापन, विद्यार्थीलाई न्यानो कपडा र प्रभावित स्थानीयलाई सहुलियत दरमा सिमेन्ट उपलब्ध गराउने जस्ता कार्यहरू निरन्तर गर्दै आएको जानकारी उनले दिए।

चुनढुंगा खानीसँग सम्बन्धित विषयहरूलाई संवाद, तथ्य, कानुनी प्रक्रिया र आपसी सहकार्यबाट समाधान गर्न सकिने भन्दै उनले कानुनसम्मत उद्योग सञ्चालनका लागि राजनीतिक दल, जनप्रतिनिधि, सरकारी निकाय, नागरिक समाज र स्थानीय समुदायसँग सहयोगको अपिल गरे।

सिताचुली-म्युदाँडा सामुदायिक वनका अध्यक्ष हिमलाल पुरीको अध्यक्षता र स्थानीय अगुवा कमल केसीको सञ्चालनमा सम्पन्न उक्त कार्यक्रममा सन्धिखर्क नगर प्रमुख कृष्णप्रसाद श्रेष्ठ, वडा नं. ७ का अध्यक्ष चुरा केसी, विभिन्न निकायका प्रतिनिधि, बुद्धिजीवी, सञ्चारकर्मी तथा स्थानीयवासीको बाक्लो उपस्थिति रहेको थियो। कार्यक्रममा सहभागी सबैप्रति भूगर्भ सिमेन्ट लिमिटेडले आभार व्यक्त गरेको छ।

# कन्सल्टेन्सी नियमावली अव्यवहारिक र त्रुटिपूर्ण : राष्ट्रिय शैक्षिक परामर्श संघ



बुटवल । 'शैक्षिक परामर्श, भाषा शिक्षण तथा तयारी कक्षा (सञ्चालन र व्यवस्थापन) नियमावली, २०८३' स्वीकृत गरेसँगै कन्सल्टेन्सी व्यवसायीहरू आन्दोलित छन्।

सरकारले शैक्षिक परामर्श संस्था, भाषा शिक्षण केन्द्र तथा तयारी कक्षाको सञ्चालनलाई थप व्यवस्थित, पारदर्शी र उत्तरदायी बनाउन 'शैक्षिक परामर्श, भाषा शिक्षण तथा तयारी कक्षा (सञ्चालन र व्यवस्थापन) नियमावली, २०८३' स्वीकृत गरेसँगै कन्सल्टेन्सी व्यवसायीहरू आन्दोलनमा उत्रिएका हुन्।

शैक्षिक संस्थाहरू तथा विदेश अध्ययनका लागि परामर्श दिने कन्सल्टेन्सीहरू प्रति लक्षित गर्दै ल्याइएको नयाँ नियमावली अव्यवहारिक र त्रुटिपूर्ण रहेको राष्ट्रिय शैक्षिक परामर्श सङ्घका सल्लाहकार उमेश ढुङ्गेलले बताए।

सरकारले यस प्रकारको नीतिगत व्यवस्था ल्याउनुलाई सैद्धान्तिक रूपमा स्वागत योग्य भए पनि व्यावहारिक पाटोहरू, यसभित्र समेटिएका प्रावधानहरू र कार्यान्वयनका पक्षहरू अव्यवहारिक, अस्पष्ट तथा गम्भीर त्रुटिहरूले भरिएको उनको दाबी छ।

परामर्श व्यवसायलाई व्यवस्थित र नियमनको दायराभित्र ल्याउन नियमावलीको आवश्यकता महसुस गरिए पनि यसले समग्र क्षेत्रलाई सहज बनाउनुको साटो थप अन्योल सिर्जना गरेको छ। सरकारले भर्खरै सार्वजनिक गरेको नयाँ नियमावलीको मस्यौदा तयार पार्दा वा यसका प्रावधानहरू अन्तिम रूप दिँदा मुख्य सरोकारवाला पक्ष तथा केन्द्र बिन्दुमा रहनु पर्ने विद्यार्थीहरूलाई नै बेवास्ता गरिएको छ।

विद्यार्थीहरूलाई प्रत्यक्ष रूपमा केन्द्रमा नराखिएकै कारण नियमावलीमा थुप्रै अव्यवहारिक तथा अव्यवहारिक विषयहरू समेटिन पुगेको ढुङ्गेलको भनाइ छ।

नियमावलीभित्र परामर्श सेवाको वास्तविक र वैज्ञानिक परिभाषा नै प्रस्ट रूपमा खुलाइएको छैन। प्रमुख स्टेकहोल्डर वा साझेदारका रूपमा रहेका विद्यार्थीहरू तथा अभिभावकहरूको निश्चित भूमिका, उत्तरदायित्व र जिम्मेवारीहरू के-के हुन् भन्ने बारेमा पनि नियमावली पूर्ण रूपमा मौन छ। यस किसिमको अस्पष्टताले गर्दा आगामी दिनमा सरकार, परामर्श सेवा दिने र अभिभावक बीचको त्रिपक्षीय सम्बन्धलाई थप सुदृढ र मजबुत बनाउन कुनै पनि किसिमको सकारात्मक सहयोग नपुऱ्याउने बरु असमझदारी मात्र बढाउने देखिएको छ।

शैक्षिक मेलाहरूको सञ्चालन अनुमतिलाई लिएर पनि नियमावली भित्र ठूलो विरोधाभासपूर्ण व्यवस्था राखिएको छ। कुनै पनि संस्थाले शैक्षिक मेला वा प्रदर्शनी सञ्चालन गर्नका लागि अनिवार्य रूपमा पूर्वस्वीकृति वा अनुमति लिनु पर्ने प्रावधान राखिएको छ।

अर्कोतर्फ विदेशमा उच्च शिक्षा अध्ययनका लागि जान चाहने इच्छुक विद्यार्थीहरूलाई लक्षित गरेर कुनै पनि प्रकारका शैक्षिक फेयर तथा प्रदर्शनीहरू सञ्चालन गर्न अनुमति नै नदिनेखालका बन्देजात्मक नीतिहरू यसमा समेटिएको छ।

देशभित्रै गुणस्तरीय शिक्षाको अवसर बढाउने उद्देश्यले स्टडी इन नेपाल अभियानलाई प्राथमिकतामा राखेर त्यसैलाई फोकस गरेर शैक्षिक मेला वा प्रदर्शनीहरू सञ्चालन गर्न अनुमति दिने सरकारी नीतिको कुरा सकारात्मक हुन सक्ने भए पनि यसको कार्यान्वयन पक्ष निकै जटिल रहेको उनको तर्क छ।

नियमावलीमा समेटिएको आर्थिक भारका विषयमा पनि ठूलो प्रश्न रहेको सङ्घका महासचिव दिपक कोइरालाले बताए। नियमावली भित्र विशेष गरी शिक्षा समता शुल्क तथा विभिन्न करसम्बन्धी व्यवस्था गरिएको छ। त्यो प्रचलित कानुनी मान्यता र न्यायको सिद्धान्त विपरीत रहेको उनको भनाइ छ।

उनले भने-'राज्यले कुनै पनि शीर्षकमा शुल्क वा कर लगाउँदा कानुनको सामान्य र स्थापित सिद्धान्त नो ट्याक्स स्टेसन विदाउट ल अर्थात् कानुनको स्पष्ट अधिकार बिना कर लगाउन नपाइने मर्मको ठाडै उल्लङ्घन भएको छ।' उनका अनुसार संवेदनशील आर्थिक तथा कानुनी विषयमा देशको सङ्घीय संसद् र यससँग सम्बन्धित नियामक निकायहरूको गम्भीर ध्यानाकर्षण हुन आवश्यक छ।

परामर्श व्यवसायीहरूले सधैँ विद्यार्थीहरूलाई आधिकारिक, तथ्यपरक र सही सूचना तथा परामर्श दिँदै आएको र भविष्यमा पनि जिम्मेवार भएर काम गर्न तयार रहेको उनले बताए। नियमावलीमा देखिएका सम्पूर्ण अव्यवहारिक बुँदाहरू तत्काल सच्याउन सङ्घले माग राखेको छ।

# बागमती प्रदेश सरकार अब हाम्रो : कूलमान



बुटवल। उज्यालो नेपाल पार्टीका अध्यक्ष कुलमान घिसिङले आगामी स्थानीय र प्रदेशसभाको निर्वाचनमा केन्द्रित हुन पार्टीपङ्क्तिलाई निर्देशन दिएका छन्।

काठमाडौँमा आयोजित पार्टी प्रवेश कार्यक्रममा बोल्दै अबको विकल्पको रूपमा उज्यालो नेपाल पार्टी स्थापित हुने दाबी गरे।

उनले भने-'स्थानीय र प्रदेशसभाको चुनावपछि सङ्घको निर्वाचनमा केन्द्रित हुनुपर्छ। यो सरकार ५ वर्ष नटिक्ने ४ महिनाको कामले नै देखिसकेका छौँ। हामीले ५ वर्ष कुरिराख्नुपर्दैन। यो पार्टी नै अबको सशक्त विकल्प हो।' उनले बागमतीसहित देशभर उज्यालोको किल्ला हुने बताए। उनले आगामी निर्वाचनपछि बागमती प्रदेशमा आफ्नो पार्टीको नेतृत्वमा सरकार बन्ने दाबी गरे।

उनले चुनाव हारेर पनि उज्यालो नेपाल पार्टीले जितेको जिकिर गरे। उनले सङ्गठन निर्माण र पार्टी सदस्यता वितरणमा केन्द्रित हुन नेता कार्यकर्तालाई निर्देशन दिए। उनले अन्य पार्टीका नेता कार्यकर्तालाई अबको विकल्प आफ्नो पार्टी भएको दाबी गर्दै जोडिन आग्रह गरे।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको लागि
सधै हामीलाई सम्झनुहोस् !
आइडिया
डिजाइनर्स/अफसेट प्रेस
सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.
९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com




सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com